नेपाल सरकार

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्रालय

भुमि ब्यवस्थापपन तथा अभिलेख बिभाग

# भुमि सुधार तथा मालपोत कार्यालय

ईमेल:doti@dolma.gov.np
lrosilgadhidoti@gmail.com
फोन नं.: ०९४-४२०१०१

पत्र संख्या :२०८०/०८१
चलानी नं. :08....

मिति २०८०।०४।०७

विषयः सूचना टाँस गरी जानकारी पठाईदिने बारे।

श्री जिल्ला स्थित पालिका सबै
डोटी।

उपरोक्त विषय सम्बन्धमा यस कार्यालयमा भू सेवा स्थापना तथा सञ्चालनका लागि मालपोत नियमावली २०३६ नियम २३ क , २३ ख बमोजिम योग्यता पुगेका भू सेवा सञ्चालन निर्देशिका २०७६ को दफा ७ मा तोकिए बमोजिम पूर्वाधार पुरा भएका ईच्छुक व्यक्ति, संस्था तथा स्थानिय निकायले अनुमति लिनको लागि भू सेवा स्थापना तथा सञ्चालन सम्बन्धि सूचना थान दुई यसै पत्र साथ पठाईएको छ। उक्त सूचना तहाँ कार्यालयको सूचना पाटीमा टाँसगरी जानकारी पठईदिन हुन अनुरोध छ।

२०८०।०४।०७

प्रेम बहादुर माझी
मालपोत अधिकृत

प्रेम बहादुर माझी
मालपोत अधिकृत

फो.नं. ०९४-४२०१०१

नेपाल सरकार
भूमि व्यवस्था सहकारी तथा गरिवी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख बिभाग
# मालपोत कार्यालय
डोटी

प.सं. ०८०/०८१
च.नं.

मितिः-२०८०/०४/०१

## भू सेवा केन्द्र सञ्चालन सम्वन्धि सुचना ॥

प्रस्तुत विषयमा नेपाल सरकारको योजना बमोजिम जग्गा प्रशासन सेवालाई समय सापेक्ष परिवर्तन गरी सुचना प्रविधिमैत्री बनाउने हेतुले यस कार्यालयमा विगत वर्ष देखि भू अभिलेख सुचना प्रणाली lrims सञ्चालन भई रहेको र चालु आ.व.२०८०/०८१ मा भू सेवा केन्द्र (public access model– pam) सञ्चालन गर्ने योजना रहेको छ । pam सेवाग्राहीले ईन्टरनेटको माध्यमवाट जग्गा प्रशासन सम्वन्धि कार्य गर्न सकिने प्रणाली हो । भूमि व्यविस्थापन तथा अभिलेख विभागको मितिः-२०७७/१०/१४ को सुचना बमोजिम यस कार्यालयमा भू सेवा केन्द्र सञ्चालन निर्देशिका २०७६ लागु भईसकेको सन्दर्भमा (public access model– pam) स्थापना तथा सञ्चालन गर्नको लागी मालपोत नियमावली २०३६ नियम २३क, २३ख बमोजिम योग्यता पुगेका तथा भू सेवा सञ्चालन निर्देशिका २०७६ को दफा ७ मा तोकिए बमोजिम पुर्वाधार पुरा भएका ईच्छुक व्यक्ति, संस्था तथा स्थानिय निकायले अनुमती लिनको लागी मितिः-२०८०/०४/०१ देखि मितिः-२०८०/०४/३० गते सम्म www.public.dolma.gov.np मार्फत अनलाईन निवेदन पेश गरि सो संग सम्वन्धि सक्कल कागजात यस कार्यालयमा पेश गर्नुहुन सम्वन्धित सबैको जानकारीको लागी यो सुचना प्रकाशित गरिएको छ ।

योग्यताः-

**व्यक्तिको हकमाः-**

१. नेपाली ना.प्र.प.।
२. अठार वर्ष उमेर पुरा भएको ।
३.कम्प्युटर विषय लिई कम्तीमा प्रविणता प्रमाण पत्र तह (+२) वा अन्य विषयमा सो सरहको योग्यता भई कम्प्युटर सम्वन्धि कम्तीमा ६ महिने तालीम प्राप्त गरेको ।
४. स्थायी लेखा नम्बर लिएको ।
५. भू सेवा केन्द्र सञ्चालनको लागी दफा ७ बमोजिम भौतीक पुर्वाधार भएको ।
६. नैतिक पतन हुने फौजदारी कसुर वा लिखत सम्वन्धि कुनै कसुरमा अदालतवाट दोषी प्रमाणीत नभएको ।

**संस्थाको हकमाः-**

१. प्रचलीत कानुन बमोजिम सेवा प्रदायक सस्थाको रुपमा दर्ता भएको ।
२. संस्थामा कामगर्ने जनशक्ति अठार वर्ष उमेर पुगेको नेपाली नागरिक हुनुपर्ने छ ।
३. संस्थामा कामगर्ने जनशक्तिको योग्यता कम्प्युटर विषय लिई कम्तीमा प्रविणता प्रमाण पत्र तह (+२) वा अन्य विषयमा सो सरहको योग्यता भई कम्प्युटर सम्वन्धि कम्तीमा ६ महिने तालीम प्राप्त गरेको ।
४. प्रचलीत कानुन बमोजिम संस्थाको नाममा स्थायी लेखा नम्बर लिएको ।
५. कर चुक्ताको प्रमाण पत्र ।
६. भू सेवा केन्द्र सञ्चालनको लागी दफा ७ बमोजिम भौतीक पुर्वाधार भएको ।

प्रेम बहादुर मास्की

**स्थानिय तहको हकमा :-**

१. भू सेवा केन्द्र सञ्चालन गर्ने जनशक्ति र पुर्वाधार भएको ।

कानुनुन व्यवसायी वा लेखापढि व्यवसायीको हकमा :-

१. कानुन व्यवसायी वा लेखापढि व्यवसायीको प्रमाण पत्र लिएको ।

२. नेपाली ना.प्र.प. ।

३. प्रचलीत कानुन बमोजिम स्थायी लेखा नम्बर लिएको ।

४. कर चुक्ताको प्रमाण पत्र ।

५. भू सेवा केन्द्र सञ्चालनको लागी दफा ७ बमोजिम भौतीक पुर्वाधार भएको ।

**साधारण प्रयागकर्ताको हकमा :-**

१. प्रयोगकर्ताको नाउँमा जग्गाधनी पूमाण पुर्जा भएको ।

२. आफ्नो नाउँमा भएको जग्गाको कित्ता विवरण भू सुचना प्रणालीमा अद्यावधिक भएको तर भू सुचनामा देखिएको विवरण र जग्गाधनी दर्ता श्रेस्तामा भएको विवरण फरक परी जग्गाधनी पहिचानमा समस्या देखिएमा जग्गाधनीले यस कार्यालयमा आई डेटा अद्यावधीक गराउनु पर्ने छ ।

२०८०/०४/०१

(प्रेम बहादुर माझी)

मालपोत अधिकृत

प्रेम बहादुर माझी

मालपोत अधिकृत